पालुङ-आग्रा पैदलमार्गमा पर्यटकको आकर्षण बढ्यो । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१६, अंक-०४ ● २०८० साउन २२ गते सोमबार, ● 07 Aug., 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरमा संयुक्त कर शिविर



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकामा संयुक्त कर शिविर शुरू भएको छ । थाहानगर उद्योग वाणिज्य संघको कार्यालय चेम्बर चोकमा २१ साउनबाट उद्योग वाणिज्य संघ, थाहा नगरपालिका, आन्तरिक राजश्व कार्यालय हेटौंडा, नापतौल विभागलगायतको संयुक्त सहकार्यमा शिविर शुरू भएको हो ।

उद्योग वाणिज्य संघले आफ्ना सदस्य तथा उत्तरी मकवानपुरका व्यवसायीहरू लक्षित गरी हरेक वर्ष संयुक्त कर शिविरको आयोजना गर्दै आएको छ । शिविरमा आन्तरिक राजश्व कार्यालय अन्तर्गतको कर भुक्तानी, मदिरा तथा चुरोट सुर्ति वित्रीका लागि अन्तशुल्क, नयाँ व्यवसायिक पान नम्बर, अनुमानित आय तथा सामाजिक सुरक्षा कर भुक्तानीको व्यवस्था शिविरमा भैरहेको छ । यसैगरी, आन्तरिक राजश्व कार्यालयबाट पान नम्बर लिएका सबैले अनिवार्य बायोमेट्रिक गर्नुपर्ने कार्य पनि शिविरबाटै हुने भएको छ ।

शिविरमा नेपाल गुणस्तर तथा नाप तौल विभागको तौल परीक्षण तथा एकिन कार्यको सेवामा ढक तथा तराजु, डिजिटल काँटा लगायतका नापतौल उपकरणहरू व्यवसायीहरूले प्रमाणिकरणको सेवालगायत व्यवसायीलाई आवश्यक सबै सेवाहरू शिविरमा उपलब्ध गराइएको थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष कविराज खत्रीले बताए । ५ लाख रूपियाँभन्दा बढीको पुजी रहने नयाँ व्यवसायिक फर्म दर्ता, थाहा नगर पालिकामा ५ लाखसम्मको नयाँ फर्म दर्ता र नवीकरणका लागि सेवा उपलब्ध छ ।

थाहानगर उद्योग वाणिज्य संघले आफ्ना सदस्यहरूलाई नवीकरणमा जरिवाना छुट समेतको व्यवस्था गरी नयाँ सदस्यता वितरणका लागि समेत सेवा शिविरमा दिएको छ । शिविर २४ साउनसम्म संचालन हुनेछ ।

## सम्बन्ध विच्छेदका मुद्दा वर्षेनी बढ्दै

◆ विकास संवाददाता

जिल्ला अदालत मकवानपुरमा ९ सय ७५ वटा सम्बन्ध विच्छेद (डिर्भोस) को मुद्दा दर्ता भएको छ । जिल्ला अदालत मकवानपुरको तथ्यांक अनुसार, जिल्लामा गत आर्थिक वर्ष २०७९/८० को साउन महिनादेखि हालसम्म यो संख्यामा सम्बन्ध विच्छेदको मुद्दा दर्ता भएको हो ।

दर्ता भएका मुद्दामध्ये ७ सय ६८ मुद्दा फछ्र्यौट भएको छ भने २०७ वटा मुद्दा फछ्र्यौट हुने क्रममा रहेको छ । जिल्लामा पछिल्लो ३ वर्षको तथ्यांक हेदासम्बन्ध विच्छेदको मुद्दा दर्ता गर्नेको संख्या बढ्दो क्रममा रहेको छ । गत आव २०७८/७९ मा अदालतमा ८ सय ५९ वटा र आव ०७७/७८ मा ६ सय ८४ वटा सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएको थियो ।

वि.सं. २०७४ मा संविधान लागू भएर २०७५ भदौ गतेदेखि नयाँ मुलुकी संहिताले पुरूषले समेत सम्बन्ध विच्छेदको उजुरी दिन पाउने कानूनी व्यवस्था गरेसँगै सम्बन्ध विच्छेदका मुद्दाको संख्या बढ्दै गएको जिल्ला अदालत बार एशोसिएसन मकवानपुरकी अध्यक्ष अप्सरा बस्नेतले जानकारी दिइन् ।

### थाहानगरका नारायण मन्दिर छायाँमा

# पालुङमै छ, अर्को धार्मिक सर्किट

विकास संवाददाता
थाहानगर


पर्यटकीय महत्व बोकेको मकवानपुरको थाहानगरमा धार्मिक पर्यटकहरूको आस्थाको थुप्रै केन्द्रहरू रहेका छन् । पर्यटकीय नगरी भनिदै आएपनि यथेस्ट पर्यटकमैत्री संरचना निर्माण हुन नसके जस्तै धार्मिक पर्यटकीय संरचनाहरू मठमन्दिर र शक्तिपिठहरू पनि मर्मतसंभारको कार्यबाट प्रायः छायाँमै छ । ऐतिहासिकता बोकेको ति संरचनाहरू लक्षित समुदायले घिस्रिमुन्टी चलनलाई धानेका छन्, मन्दिरहरू भगवान भरोसा संरक्षित छन् ।

धार्मिक पर्यटकीय दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण मकवानपुरको थाहा नगरपालिकाका धार्मिक स्थलहरू संरक्षित छैनन् । अधिकांश धार्मिक परिसर तथा मन्दिर र पिठहरूको संरक्षण समिति न गठन भएका छन् न त गठन भएकाहरू पनि अद्यावधिक नै छन् । त्यसोतः स्थानीय सरकारको पनि सडक संरचना बाहेक अन्य क्षेत्र कहिल्यै प्राथमिकतामा पर्न सकेका छैनन् । यद्यपि थाहा नगरपालिकाले हालसम्म आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम (रातो किताब) सार्वजनिक गरिसकेको छैन । उक्त पुस्तक आएपछि यसवर्षको कार्यक्रमहरूको विषयमा छलफल र टिका टिप्पणी गर्न उपयुक्त हुने पालुङका एक स्थानीयले बताए ।

ऐतिहासिक महत्व बोकेका धार्मिक सम्पदाहरूको जीर्णताको सूचक पछिल्ला पुस्ताले ति सम्पदाहरू कहानीमा मात्र सुन्न पाउनेमै पुगेर टुङ्गिने छ । अहिले धार्मिक विषयलाई लिएर बहस र छलफल गर्नेहरू कम भेटिन्छन् । भनिन्छ नि, 'नजिकको तिर्थ हेला' यो यर्थात थाहाको अन्य वडा र टोलमा पनि छ होला तर पालुङमा पनि एउटा प्रतिनीधि वास्तविकता छरफस्ट छ । त्यो हो,-'चार नारायण मन्दिर ।'

कार्तिक शुक्ल एकादशी अर्थात् हरिबोधिनी एकादशीका दिन बिहानैदेखि काठमाण्डौं उपत्यकाका चार नारायण, बूढानीलकण्ठ नारायणस्थानसहित देशभरका नारायण मन्दिरमा भक्तजनको भीड लाग्ने गर्दछ । काठमाडौ उपत्यकामा चाँगुनारायण, शेषनारायण, शंखुनारायण र विशंखुनारायण मन्दिर पर्दछ । यी नारायण मन्दिरलाई 'चार नारायण' भनिन्छ । चार नारायणको प्रत्येक वर्ष हरिबोधिनी एकादशीका दिन पूजाआजा एवं दर्शन गरेमा मनोकाक्षा पूरा हुने जनविश्वास रहेको छ । जहाँ पुजा गर्नका लागी देशभरका मानिसहरू पुग्ने गर्दछन ।









काठमाडौपछिको चार नारायण यहि थाहा नगरपालिका वडा नंम्बर २ को पालुङमा पर्दछ । पालुङमा रहेको चार नारायणमा चाँगुनारायण, शेषनारायण (दत्तात्रय नारायण), शंखुनारायण र विशंखुनारायण मन्दिर नै पर्दछ । धार्मिक दृष्टिकोणले अत्यन्तै महत्व मानिने उक्त मन्दिरहरू अचेल संरक्षण र प्रचारको अत्यावश्यकतामा गुज्रिरहेका छन् । हरिबोधिनी एकादशीको दिनमा उक्त मन्दिरमा थाहा नगरपालिकाका बिभिन्न स्थानहरूबाट मानिसहरू पुजा आजा गर्न आउने भएता पनि पछिल्लो समय पुजा गर्न आउनेको संख्या घटेको पालुङका स्थानिय मधुकर बिक्रम श्रेष्ठले बताए ।

पालुङ गाउँको पुर्वदिशातर्फ चागुनारायण, पश्चिमतर्फ शंखुनारायण, उत्तरतर्फ बिशंखु नारायण र दक्षिणतर्फ शेषनारायण (दत्तात्रय नारायण)को मन्दिर रहेको छ । दक्षिणतर्फ रहेको शेषनारायण मन्दिरको गत आर्थिक वार्षमा मर्मतसंभार भएको छ । पालिकाले नदेखेका यि मन्दिरहरू पुरातत्व विभागमा अभिलेख छ । यस मन्दिर पनि विभागले नै मर्मत गरेहेको स्थानीय निरोज प्राधानले जानकारी दिए । पालुङ शहरको पुर्वतर्फ रहेको चागुनारायण मन्दिर भने जिर्ण भएका कारण भुकम्प अघि नै स्थानियको पहलमा निर्माण गरिएको स्थानीय शिव बहादुर कार्कीले बताए । उनका अनुसार आफ्नै गाउँमा भएको नारायण मन्दिरहरूको नाम, महत्व र बिशेषताको बारेमा स्थानियहरूलाई नै खास जानकारी नभएको बताए ।

परापूर्व कालमा पालुङ गाउँको सुरक्षाको लागि पालुङको चारै दिशामा चार नारायण स्थापना गरिएको भए पनि हाल संरक्षण गर्ने निश्चित समिति र निकाय नभएको कारण मन्दिर जिर्ण अवस्थामा पुगेको पालुङका एक बुद्धिजीवी शम्भु राज नापितले बताए । उनका अनुसार चारैवटा मन्दिरको स्थापना छुट्टाछुट्टै समयमा भएकोले पनि कुनै जिर्ण त कुनै सामान्य अवस्थामा रहेको बताए । मन्दिरको अवस्था जिर्ण हुँदै गर्दा पनि समुदायमा उक्त मन्दिर संरक्षणको लागी कुनै समिती र सम्बन्धित निकाय नभएपछि संरक्षणको लागी घच्घच्याउन नसकिएको उनले बताए ।

थाहा नगरपालिकामा रहेका थुप्रै धार्मिक स्थलहरू मध्य पनि महत्त्वपूर्ण धार्मिक स्थलहरूको संरक्षण र प्रचार प्रसार गर्न सकेमा धार्मिक पर्यटक भित्र्याँइ स्थानीयहरूको जीवनस्तर उकास्न र आम्दानिको स्रोत बढाउन सकिन्छ । जसको ज्वलन्त उदाहरणको रूपमा पालुङको चार नारायणको मन्दिर हो । यो धार्मिक सर्किट पनि हो । यस सर्किटको प्रचार र संस्कृति संरक्षणमा स्थानीयले गरेको पहलमा पालिका सरकारले सहयोग गरिदिनपर्ने स्थानीयबासीको माग रहेको छ ।



# • सम्पादकीय •

## आँखा पाक्ने रोगबाट बच्न सचेत बनौं

अहिले आँखा पाक्ने रोग फैलिएको छ । भारत र नेपालको सीमावर्ती क्षेत्रबाट शुरु भएको यसपटकको संक्रमण नेपालका सबैजसो जिल्लामा फैलिसकेको छ । आँखा पाकेर उपचारका लागि अस्पताल पुग्ने विरामीको संख्या दिनप्रतिदिन बढ्दो छ । राप्ती आँखा अस्पताल तुलसीपुरमा दैनिक साढे पाँच सय बढी बिरामी आँखा पाकेर उपचारमा आउने गरेका छन् । आँखा पाक्ने रोग देशभर प्रकोपका रूपमा फैलिरहेको र कुनै पनि बेला महामारीको रूप लिने जोखिम रहेको देखिएको छ । आँखा पाक्ने रोगले महामारीको रूप लिन सक्ने जोखिम बढेसँगै यससम्बन्धी सचेतना र सतर्कता बढाउनुपर्ने देखिएको छ । अहिले आँखा पाक्ने रोगबाट सबै उमेर समूहका संक्रमित भइरहेका छन् । आँखा रातो हुनु, आँसु आइरहनु, आँखा पोल्नु, आँखा भारी हुनु, कचेरा आउनु, आँखा बिझाएजस्तो हुनु आँखा पाक्दा देखिने लक्षण हुन् । यस्तै घाममा हिंड्न गाह्रो हुनु, उज्यालोमा हेर्न गाह्रो हुनु, आँखा सुख्खा भएर चिलाउनु, दृष्टि धमिलो हुँदै जानु, आँखा तथा आँखा वरपरको भाग सुन्निनु आँखा पाक्दा देखिने समस्या हुन् । बिहान उठ्दा आँखाको ढकनी पूरै टाँसिनु, आँखा खोल्न गाह्रो हुनु, घाममा हेर्न वा बस्न गाह्रो हुनु पनि आँखा पाक्दा देखिने लक्षण हुन् । यो रोग संक्रमित व्यक्तिको आँखाबाट पानी निस्कने, कचेरा लाग्ने हुँदा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा हात वा अन्य कुनै माध्यमले स्वस्थ व्यक्तिको आँखामा पुग्दा संक्रमण हुने गर्छ ।

आँखा पाक्ने रोग एक व्यक्तिबाट अर्कोमा सर्ने रोग नै हो । संक्रमित व्यक्तिले आँखा मिच्दा उसको हातमा कीटाणु टाँसिन्छन् र त्यही हात अर्को व्यक्तिसँग मिलाउँदा रोग सर्छ । आँखा पाक्ने समस्या भएको व्यक्तिको रुमाल, लुगाकपडा, कम्प्युटर, ल्यापटप, मोबाइल अर्को व्यक्तिले चलाउँदा यो रोग सर्ने सम्भावना हुन्छ । बितेका वर्षहरुमा हामीले कोभिडको महामारी झेल्दै गर्दा व्यक्तिगत सरसफाइ, मास्कको प्रयोग, एकापसमा भौतिक दूरी कायम गर्नेदेखि खानपिनमा परहेजसम्मका कुराहरुमा विशेष ख्याल राख्यौं । व्यापकरुपमा साबुनपानीले हात धुने अभ्यास गर्‍यौं । मानिसले आफ्ना आनीबानीमा स्वास्थ्य सतर्कता अपनाउन सक्यो भने पनि सरुवा रोगको जोखिमबाट धेरै हदसम्म जोगिन सकिन्छ । आँखा पाक्ने रोग सरुवा रोग भएकोले पनि यस्तै प्रकृतिको स्वास्थ्य सुरक्षा अपनाउन सके धेरै हदसम्म रोग सर्नबाट जोगिन सकिन्छ । आँखा पाक्ने रोगबाट बच्न धुलो–धुवाँबाट बच्ने, केमिकलको काम गर्दा चश्मा लगाउने, घर बाहिर जाँदा सनग्लासको प्रयोग गर्नुपर्छ । मोटरसाइकल, स्कुटर चलाउँदा सनग्लासको प्रयोग गर्नु राम्रो हुन्छ । स्वीमिङ गर्दा चश्मा लगाउनुपर्छ ।

आँखा पाक्ने रोग लागिसकेको खण्डमा आँखालाई दिनको दुई–तीन पटक सफा पानीले सफा गर्ने, आँखा बन्द गरेर बस्ने, आराम दिने, आफूले प्रयोग गरेको रुमाल, चश्मा, मोबाइल अरुलाई प्रयोग गर्न नदिने, घरबाहिर कम हिंड्ने गर्नुपर्छ । आँखा पाक्ने रोगबाट बच्न बेला–बेलामा सफा पानीले आँखा सफा गर्ने, जथाभावी आँखा नछुने र छुनुभन्दा पहिले साबुनपानीले हात धोएर मात्रै छुने, घरका अन्य सदस्य संक्रमित भए उनीहरूले प्रयोग गरेको रूमाल र तौलिया प्रयोग नगर्ने तथा व्यक्तिगत सरसफाइमा ध्यान दिए यो समस्याबाट बच्न सकिन्छ । व्यक्ति स्वयंको सतर्कताले आँखा पाक्ने रोगबाट बच्न, संक्रमित भैहाले छिटो निको हुन मद्दत पुग्छ त्यसैले यस्तो स्वास्थ्य सचेतना नियमितरुपमा प्रवाह भइरहनु पर्छ । यसतर्फ सबैको ध्यान जानू आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# युवामैत्री हुन नसकेको स्थानीय शासन



◆ दिपेश घिमिरे

वैदेशिक रोजगार विभागको एक तथ्यांकअनुसार हाल नेपालबाट दैनिक करिब ३ हजार युवाश्रम स्विकृति लिइर हेका छन् । विभागको अनुसार वैदेशिक रोजगारमा जानेको संख्या १४ वर्षयताकै उच्च देखिएको छ ।

राष्ट्रिय योजना आयोगको एक तथ्यांकअनुसार प्रत्येक वर्ष करिब ५ लाख युवा श्रम बजारमा प्रवेश गर्दछन् । यसरी श्रम बजारमा प्रवेश गरेका मध्ये अधिकांशले देशमा रोजगार पाउन सक्ने अवस्था छैन । त्यसैले वैदेशिक रोजगारीमा जाने गरेका छन् ।

विश्वव्यापीकरणको यस युगमा वैदेशिक रोजगारीमा जाने कुरालाई सबैले सामान्य रूपमा लिइरहेका छन् । तर त्यसकै कारण नेपालले जनसांख्यिक लाभ रहेको समयमा समेत आर्थिक प्रगति गर्न सकिरहेको छैन ।

युवालाई रोजगारीका अवसर सृजना गर्ने भनेर गाउँघरमा समेत विकासका कार्यहरू भइरहेका छन् । तर गाउँबाट शहरवजार तर्फको वसाईसराईको दर तिब्र गतिमा बढीरहेको छ ।

संघीयताको कार्यान्वयनसँगै ठुलो मात्रामा स्रोत, साधन तथा अधिकार स्थानीय तहमा पुगेको छ । तर गाउँमा अहिले पनि वृद्धवृद्धा मात्र छन् । पुरुष जति रोजगारीको लागि विदेशमा र महिलाजति बालबालिकालाई पढाउनको लागि शहर बजारमा बसाई सराई गरिरहेका छन् ।

किन यस्तो भइरहेको छ ? यसलाई विविध दृष्टिकोणबाट व्याख्या विश्लेषण गर्न सकिएला । विविध आधार र कारण पनि दिन सकिएला । तर यसको पछाडीको सबैभन्दा महत्वपूर्ण कारण भनेको नेपालको स्थानीय तहमा युवामैत्री स्थानीय शासनको अभ्यास हुनै सकेन ।

किशोर उमेर पार गरेको र वयस्क उमेरमा प्रवेश नगरिसकेको उमेर समुहका व्यक्ति स्वभाविकै रूपमा बढी महत्वकांक्षी हुन्छन् । विभिन्न अवसरको खोजीमा हुन्छन् । सम्भावनाका ढोका खोल्न जस्तो सुकै संघर्ष गर्न पनिप्रयत्नशिल हुन्छन् ।

आफ्ना बाबुआमाले गरे जस्तो दुःख गर्न नपाए हुन्थ्यो भन्ने सोच्छन् । आफ्नो आउँदै गरेको पुस्ताको उज्वल भविष्य निर्माण गर्नको लागि संघर्षरत हुन्छन् ।

यस उमेर समुहका व्यक्ति सक्रिय, उर्जावान, तथा गतिशिल हुन्छन् । कुनैपनि कामलाई सफलतापूर्वक सम्पन्न गर्न सक्रिय रहन्छन् । त्यसैले युवाशक्तिलाई देशको र ाजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपान्तरणका संवाहकका रूपमा समेत लिने गरिन्छ ।

युवा कै पसिना र परिश्रमको जगमा देश निर्माण हुन्छ । एउटा युवा पुस्ताले गरेको अथक मिहिनेत र संघर्षको जगमा कुनैपनि देशले समृद्धिको रेखा कोर्छ र त्यसपछि आउने अर्को युवा पुस्ताले विस्तारै त्यसलाई राजमार्ग बनाउँदै लैजान्छ ।

यसरी हेर्दा कुनै पनि समाज, तथा राष्ट्रको विकास र समुन्नति तथा प्रगतिको पछि युवा वर्गको प्रमुख योगदान रहन्छ । त्यसैले तल्लो तह देखिनै देश निर्माण गर्दै समृद्धिको मार्गमा अघि बढाउनको लागि युवालाई शासन प्रणालीमा जोड्दै उनीहरूको सक्रिय सहभागिता र सहकार्यमा शासन प्रणाली सञ्चालन गर्न सक्दा मात्रै युवा वर्गमा अर्न्तनिहित शक्ति देश निर्माणमा लगाउन सकिन्छ ।

यो यथार्थलाई विश्वले नै हृदयंगम गरिसकेको छ । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को ७५७३औँ वैठकबाट ९ डिसेम्बर २०१५ मा प्रस्ताव नं. २२५० पारित भएको छ ।

उक्त प्रस्तावमा युवा सम्बन्धी व्यवस्था गरिएको छ । जसमा कुनैपनि देशमा दिगो शान्ति स्थापना तथा समावेशी विकासको लागि शासन प्रणालीमा युवा वर्गको सहभागिता र संलग्नताको सम्बन्धमा पाँच वटा सवालहरू आवश्यक रहेको औंल्याईएको छ ।

पहिलोः सहभागिता, दोस्रोः संरक्षण, तेस्रोः रोकथाम, चौथोः साझेदारी र पाँचौः स्वतन्त्रता छन् । यी पाँच वटा सवालमा आधारित भएर युवालाई शासन प्रणालीमा जोड्दै लैजाँदा मात्र विकास र समृद्धिको आधार तय हुने उक्त प्रस्तावको मर्म छ ।

यसलाई नेपाल सरकार, मन्त्रीपरिषद्ले समेत स्वीकृत गरी राष्ट्रिय कार्ययोजना २०३० पनि बनेको छ । जसमा प्रधानमन्त्रीको संयोजकत्वमा निर्देशक समिति, युवा तथा खेलकुद मन्त्रालयका सचिवको नेतृत्वमा कार्यदल र युवा तथा खेलकुद मन्त्रालयको सहसचिवको नेतृत्वमा प्राविधिक समिति समेत गठन भइसकेको छ ।

यसले सन् २०३० सम्मको युवाको विकास र शासनमा संलग्नताको एकीकृत कार्ययोजना समेत निर्माण गरिसकेको छ । उक्त कार्ययोजनाले युवाको सामाजिक, आर्थिक, राजनीतिक विकास तथा शासन प्रणालीमा संलग्नताको सुनिश्चितता हुने अपेक्षा राखेको छ । सुरक्षा परिषद्को प्रस्तावको कार्यान्वयनको लागि सबैभन्दा महत्वपूर्ण निकाय भनेको स्थानीय सरकार हो ।

नेपालको सन्दर्भमा गाउँपालिका तथा नगरपालिकाको कानून, नीतिनिर्माण प्रक्रिया, संरचना, प्रणाली, कार्य प्रक्रिया, व्यवहार, यसको सञ्चालनको विभिन्न गतिविधिहरू तथा अन्य आवश्यक क्षेत्र तथा तहमा युवाको अर्थपूर्ण संलग्नता हुन सकेमा मात्र त्यसले समन्यायिक तथा समावेशी विकास हुन सक्ने अपेक्षा राखेको छ ।

त्यसैले यसले शासन प्रणालीका हरेक तह र तप्कामा युवाको अर्थपूर्ण र सक्रिय सहभागिता र संलग्नताको यसले अपेक्षा राखेको छ । स्थानीय तहले गर्ने कामहरू जस्तै योजना तर्जुमा, बजेट तर्जुमा, योजनाको छनौट, योजना पारित, योजनाको कार्यान्वयन, योजनाको अनुगमन तथा मूल्यांकन, यसको लाभ वितरण लगायतका क्षेत्रमा युवाको अर्थपूर्ण संलग्नता हुन सकेमा मात्र युवाले चाहेको जस्तो विकास र प्रगति सम्बन्धित गाउँघरमा सम्भव हुन्छ ।

नेपालमा विकासका योजनाहरू कतिपय नेताका गोजीबाट झिकेर गरिन्छ । स्थानीय विकास योजनाका कार्यहरू राजनीतिक स्वार्थको चंगुलमा परिरहेको छ ।

युवालाई गाउँमा रोजगारीको आवश्यकता छ । रोजगारी वृद्धि गर्ने क्षेत्रमा स्थानीय पालिकाले लगानी गर्दैनन् बरू भ्युटावर र प्रवेशद्धारमा लाखौ रूपैयाँ खर्च गर्न तयार छन् ।

युवालाई गाउँमै आफ्ना बालबालिकालाई अर्न्तराष्ट्रिय तहको गुणस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक निकायको आवश्यकता र अपेक्षा छ । तर स्थानीय पालिकाहरू मन्दिर, चर्च र मस्जिदमा लाखौ लगानी गर्न तयार छन् तर शिक्षालाई प्राथमिकतामै राख्दैनन् ।

युवा गाउँघरमै स्वास्थ्य उपचारको विशिष्ठ स्वाथ्य संस्थाको अपेक्षा राखिरहेका छन् तर जनप्रतिनिधिहरू कार्यकर्तालाई आर्थिक सहायता तथा चन्दा वितरण गरेर चुपचाप लगाईरहेका छन् । कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण, साना तथा मझौला उद्योगको स्थापना जस्ता कार्यको अपेक्षा राखिरहेका युवालाई त्यस्ता कार्यमा पालिकाहरू सहयोग गर्न तयार छैनन् ।

परिणामतः गाउँमा युवा अडिएनन् । गाउँबाट शहर र शहरबाट विदेश पलायन भइरहेका छन् । सघीयताको कार्यान्वयन भएसँगै गाउँघरमा स्रोत तथा साधन ठुलो मात्रामा पुगेपनि, सशर्त निशर्त तथा अन्य अनुदानको रकम स्थानीय तहमा बढेतापनि युवा पुस्ता गाउँघरमा अडिन नसक्नुको पछि यी र यस्ता धेरै सवालहरूको महत्वपूर्ण भुमिका छ ।

युवामैत्री स्थानीय शासनको अवधारणाले युवासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य, रोजगारी तथा उद्यमशिलता, खेलकुद मनोर ञ्जनलगायतका सवालमा निर्माण हुने नीति, नियम, कानुन, त्यसको कार्यान्वयनलगायतका सवालमा अर्थपूर्ण संलग्नता र साझेदारी स्थापित हुने प्रक्रियालाई जनाउँछ ।

यसको अभावमा युवाका चाहना, भावना तथा बुझाइलाई स्थानीय सरकारका नीति, नियम तथा कानुनले समेट्न र सम्वोधन गर्न सक्दैन ।

जसको अभावमा युवाहरू गाउँघरमा अडिन र आफ्नो र आफ्नो आउँदै गरेको पुस्ताको भविष्यप्रति सुनिश्चित हुन सक्दैन । जबसम्म स्थानीय पालिकाहरूले युवामैत्री स्थानीय शासनको व्यवहारिक अभ्यास सुरूवात गर्दैनन् तबसम्म नेपालको गाउँघरमा स्रोत साधन त पुग्ने तर युवापुस्ता नअड्नि विगत देखिको अभ्यासको क्रम भंग हुन सक्दैन । तसर्थ युवामैत्री स्थानीय शासन यतिवेलाको महत्वपूर्ण र अत्यावश्यक सवाल हो ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# गुगलमा यि कुरा खोज्छन् किशोर-किशोरीहरू

अहिलेका किशोर-किशोरीले मनमै कुरा गुम्साएर राख्नुपर्ने वाध्यता छैन । उनीहरू आफ्नो मनमा गाँठो परेको कुरा कुनै न कुनै माध्यामबाट सहजै पोख्न सक्छन् । खासगरी सोशल मिडिया वा गुगल उनीहरूको भरपर्दो माध्याम हुन् ।

कतिपय कुरा यस्ता हुन्छन्, जो अरूलाई सोध्न असहज लाग्छ । त्यस्ता प्रश्नका जवाफ अहिले धेरैले गुगलमा खोजिरहेका हुन्छन् । यसरी गुगलबाट कुनैपनि जवाफ खोज्नेमा किशोरपुस्ता अगाडि छन् । आफ्नो करियर वा रूचीको कुरा होस् वा फेसन ट्रेन्डको, यौनको कुरा होस् वा परिकारको उनीहरू गुगलमा खोजिरहेका हुन्छन् । आखिर किशोर किशोरीले गुगलमा धेरैभन्दा धेरै के कुरामा खोजिरहेका हुन्छन् ?

### १. स्वास्थ्यको कुरा:

भट्ट हेर्दा त लाग्छ, उनीहरू गुगलमा केवल मनोरञ्जात्मक सामाग्री खोजिरहेका हुन्छन् । तर, अहिलेका किशोर किशोरीले धेरैजसो स्वास्थ्यबारे जिज्ञासा राखिरहेका हुन्छन् । खासगरी उनीहरू डिप्रेसन, एन्जाइटी, फिटनेसको बारेमा धेरैजसो प्रश्न गरिरहेका हुन्छन् ।

कस्तो खानपान गर्ने, कसरी मोटोपन नियन्त्रण गर्ने जस्ता कुरा पनि उनीहरू गुगलमा खोजिरहेका हुन्छन् । कतिपयले गुगलबाटै व्यायामको विधि सिकिरहेका हुन्छन् ।

### २. विन्डो सपिङ

विन्डो सपिङले अहिले चल्तीमा आएको भाषा हो । यसले अनलाइन खरिदारीलाई इंगित गर्छ । विन्डो सपिङ भनेको भौतिक रूपमा कुनैपनि पसलमा उपस्थिती नभई गुगलबाट आफुलाई जरूरी सरसामनको विवरण हेर्नु भन्ने बुझिन्छ । अहिलेका किशोर किशोरीले लुगाकपडा, मोवाइल, ल्यापटप, घडी, जुत्ता, किताब, चस्मा आदिको डिजाइन र मूल्यबारे गुगलबाट जानकारी लिइरहेका हुन्छन् । एक अध्ययन अनुसार धेरैजसो किशोर किशोरी अनलाइनबाटै सरसामन खरिद गर्न सहज मान्छन् ।

### ३. रिलेसनसिप र डेटिङ

स्वभाविक हो, किशोर चरणमा पुगेपछि प्रेम र यौनको बारेमा बढी नै उत्सुकता हुन्छ । उनीहरू यस्तो कुरा आमाबुवा वा साथीभाईसँग खुलेर गर्न सक्दैनन् । त्यसैले आफुभित्र आउने यस्ता जिज्ञासाहरू उनीहरूले आफैभित्र गुम्साएका हुन्छन् ।

कसरी केटा वा केटीसँग सम्बन्ध बनाउने, कसरी प्रेम गर्ने, कसरी डेटिङ जाने भन्ने कुरादेखि उनीहरूले यौनसँग सम्बन्धित थुप्रै प्रश्न गुगलमै खोजिरहेका हुन्छन् । आफ्नो उत्सुकता मेट्नका लागि गुगल नै उनीहरूका लागि सुरक्षित र गोप्य माध्याम बन्ने गर्छ ।

### ४. प्रविधि र गेमिङ

किशोरपुस्ता नयाँ नयाँ उपकरणप्रति चासो राख्छन् । विश्व बजारमा के कस्ता उपकरण भित्रिए ? उनीहरू सकेसम्म अपडेट हुन्छन् । मोवाइल होस वा अरू केही कुरा, उनीहरूलाई त्यसप्रति औधि रूची हुन्छ । गेमिङ र गेमिङ डिभाइसमा पनि उनीहरू धेरै चासो राख्छन् ।

गुगलमा उनीहरू नयाँ नयाँ उपकरणबारे खोजिरहेका हुन्छन् । नयाँ मोवाइल वा कुनै डिभाईसको फिचर, मूल्यबारे प्रश्न गरिरहेका हुन्छन् । त्यसैगरी कतिपयले गेमिङको तौर तरिकाबारे गुगलमा खोज्ने गरेका छन् ।

### ५. शैक्षिक सहयोग

अहिलेका किशोर किशोरीले आफ्नो पढाई वा करियरका कुरा पनि गुगलमा खोज्ने गरेका छन् । असाइनमेन्ट गर्दा वा परीक्षाको तयारी गर्दा पनि उनीहरूले गुगलको सहयोग लिने गरेका छन् ।

त्यसो त अहिले शैक्षिक सामाग्रीका थुप्रै स्रोत इन्टरनेटमा नै फेला पार्न सकिन्छ । कतिपय पाठ्पुस्तमा नभएका कुरा पनि उनीहरू गुगलमा खोज्ने गर्छन् । साथै समय व्यवस्थापन कसरी गर्ने, अध्ययन प्रक्रिया कस्तो हुनुपर्छ, कसरी नोट बनाउने जस्ता जुक्ति लिन पनि गुगलको सहयोग लिने गर्छन् ।

### ६. मनोरञ्जनका कुरा

अहिलेका किशोर किशोरी मनोरन्जनका कतिपय जानकारी पनि गुगलबाट लिने गर्छन् । सिनेमाका बारेमा, संगीतका बारेमा, कलाकारका बारेमा, कुनै इभेन्टका बारेमा उनीहरू गुगलबाटै जानकारी लिइरहेका हुन्छन् ।

प्रख्यात कोरियाली सांगीतिक व्यान्ड बिटिएस, ब्ल्याक पिंकका बारेमा पनि धेरैले गुगलमा खोजिरहेका हुन्छन् । त्यसैगरी प्रदर्शनको मुखैमा रहेका सिनेमाका बारेमा पनि उनीहरू निकै चासोपूर्वक गुगलमा जानकारी खोजिरहेका हुन्छन् ।

### ७. करियरको खोजी

किशोरावस्थामा नै यस्तो चरण हो, जतिबेला उनीहरूलाई पढाईका साथसाथै करियरको पनि चासो हुन थाल्छ । भविष्यमा के गर्ने, के बन्ने, कसरी सुखी र खुसी जीवन पाउने भन्ने कुराले उनीहरूलाई करियरतर्फ चासो बढाइदिन्छ ।

त्यसैले उनीहरू गुगलमा आफ्नो रूची अनुसारको करियरबारे जानकारी लिइरहेका हुन्छन् । साथसाथै रोजगारको अवसरबारे पनि उनीहरू खोजीरहेका हुन्छन् । कहाँ, के गर्ने भन्ने कुरामा उनीहरूको बढी नै चासो हुन्छ । अनलाइनबाटै गर्न सकिने कामहरूबारे पनि उनीहरू गुगलमा अवसरका खोजी गरिरहेका हुन्छन् ।

# बालबालिकामा विद्यालयका कारण पनि मानसिक समस्या !



मानसिक समस्या कुनै एउटा कारणले मात्र हुँदैन । अहिलेसम्म भएका शोध तथा अनुसन्धान अनुसार जैविक, मनोवैज्ञानिक र सामाजिक कारक तत्वहरूले मानसिक समस्या निम्ताउने गर्छ ।

वयस्क जस्तै बालबालिकाहरूमा पनि मानसिक रोग सामान्य समस्या हो । बालबालिकामा मानसिक स्वास्थ्य समस्या बढ्नुमा परिवारसँगै समाज र विद्यालय पनि उत्तिकै जिम्मेवार हुन्छ । बच्चाले लामो समय विद्यालयमा बिताउने गर्छन् । त्यसैले घरका साथै विद्यालयको वातावरणले पनि बच्चाको मानसिक स्वतथ्यलाई धेरै असर गरिरहेको हुन्छ । विद्यालयको वातावरण, शिक्षक र साथीहरूको कारण बालबालिकामा मानसिक समस्या निम्तिन सक्छ ।

### विद्यालयका कारण मानसिक समस्या

पढाइको चाप सबै बालबालिकालाई एकै किसिमको हुँदैन । कसैलाई त्यही पढाइ अप्ठ्यारो लाग्न सक्छ भने कसैलाई सजिलो । यो हरेक बालबालिकामा भर पर्ने कुरा हो । त्यसैले विद्यालयको पढाइको चापले सबै बच्चालाई मानसिक असर गर्छ भन्ने हुँदैन । तर कुनै बालबालिकालाई पढाइ, होमवर्क आदिको चापले पनि तनाव दिइरहेको हुन्छ ।

विद्यालयको वातावरण कस्तो छ, साथीहरूसँगको सम्बन्ध कस्तो छ, शिक्षकसँगको सम्बन्ध कस्तो छ, पढाउने तरिका कस्तो आदि कुराले बालबालिकामा मानसिक समस्या देखिन सक्छ । बच्चाले पढाइमा ध्यान दिंदैनन् र विद्यालय जान मान्दैनन् भने केही कारण हुनसक्छ । बालबालिकालाई पढाइलेखाइमा समस्या हुनुमा अन्य रोगका कारण पनि भइरहेको हुन्छ ।

एइपेसिफिक लर्निङ डिसअर्डर 'एसएलडी' समस्यामा बालबालिकालाई पढाइलेखाइमा नै गाह्रो हुन्छ । एउटा छापेको कुरा पढ्न गाह्रो हुने 'रिडिङ डिसअर्डर', अर्को लेख्दा धेरै गल्ती हुने 'राइटिङ डिसअर्डर । यो भनेको पढाइलेखाइसम्बन्धी रोग हो ।

केही बालबालिकामा अर्को 'एडीएचडी डिसअर्डर' ध्यान दिन गाह्रो हुने समस्या पनि हुन्छ । एकै ठाउँमा थिर भएर बस्न सक्दैनन् । यस कारण पनि बच्चाले पढाइमा ध्यान दिन सक्छन् । साथै बालबालिकामा शारीरिक समस्या भएर पनि उनीहरूले पढाइमा ध्यान दिन नसकेको हुन सक्छ ।

### बच्चामा विद्यालयका कारण समस्या भएको छ भने यस्ता लक्षण देखा पर्छन्

कुनै कुरामा ध्यान केन्द्रित गर्न नसक्नु, बिना कारण डराउने, विद्यालय जान मन नगर्ने जस्ता लक्षण देखिए बच्चामा मानसिक समस्या भएको हुन सक्छ ।


पढाइमा राम्रो बच्चाको पढाइ बिग्रँदै गएको छ, शिक्षक तथा साथीसँग गर्ने व्यवहार परिवर्तन हुँदै गएको भने यो पनि मानसिक समस्याको लक्षण हुन सक्छ ।

### बच्चालाई यस्तो समस्याबाट बचाउने उपाय

विद्यालयको वातावरण बालमैत्री हुनुपर्छ । विद्यालयमा बालबालिकालाई किताबको कुरा मात्र पढाउने भन्दा पनि प्रयोगात्मक शिक्षा दिनुपर्छ । यसरी पढाइ रमाइलो हुन्छ र बच्चाको रूचि पनि बढ्छ ।

हरेक बालबालिका फरक किसिमका हुन्छन् । उनीहरूलाई पढाउने तरिका पनि फरक हुन्छ । त्यसैले पढाउँदा फ्लैक्स कार्ड, चित्र, चार्ट, साउन्ड तथा दृश्यको पनि प्रयोग गर्न सकिन्छ । यसले पढाइलाई रोचक बनाउनुका साथै पढाइप्रति बच्चाको मन रहिरहन्छ ।

हामीले बालबालिकाको भावना सेयर गर्ने मौका दिएका हुँदैनौं । त्यसैले उनीहरूसँग कुराकानी गर्ने, निर्णय कसरी लिने, प्रतिक्रिया कसरी जनाउने जस्ता कुरा सिकाउनुपर्छ । जसले गर्दा उनीहरू मानसिक समस्याबाट बच्न सक्छन् ।






# मनहरीमा प्रधानाध्यापक नियुक्ति गर्ने कार्यविधि पारित

◆ विकास संवाददाता

मनहरी गाउँपालिकाको कार्यपालिका बैठकले सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्त गर्न कार्यबिधि पारित गरेको छ । प्रधानाध्यापक नियुक्त तथा शिक्षक व्यवस्थापनसम्बन्धी कार्यविधि पारित गरेको हो । मनहरी गाउँपालिकाले सामुदायिक विद्यालयका प्रधानाध्यापक सरूवा गर्ने निर्णय गरेपछि यसको चौतर्फी विरोध भएको थियो । १९ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकले सामूहिक राजीनामा दिने निर्णयगरेका थिए ।

१६ साउनमा बसेको कार्यपालिका बैठकले कार्यविधि पारित गरेको प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठले बताए । गाउँकार्यपालिकाको बैठकले शिक्षक सरूवा तथा प्रधानाध्यापक नियुक्तिसम्बन्धी कार्यविधि २०८० पारीत गरेको श्रेष्ठले बताए । भदौ लाग्नेबित्तिकै शिक्षक सरूवा तथा विद्यालयमा




प्रधानाध्यापक नियुक्त गर्ने बाटा खुलेको छ । हाल बर्षेबिदाका कारण सामुदायिक विद्यालयहरू बन्द रहेका छन् । सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्ने अभियान सफल बनाउन पहिलो चरणमा १८ वटा प्राथमिक विद्यालयका प्रधानाध्यापक सरूवा गर्ने तयारी भइर हुँदा सामाजिक संजालमा ब्यापक रूपमा विरोध भएको थियो ।

गाउँसभाको १३ औँ अधिवेशनबाट नीति तथा कार्यक्रममा समेटिएको विषयमा कार्यविधि तयार पारी आवश्यक कार्यान्वयनको प्रक्रियामा रहेको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले जानकारी दिए ।

सामुदायिक विद्यालयका शिक्षक सरूवा गर्ने र प्रधानाध्यापक छनोटका लागि आगामी भाद्रदेखि कार्यान्वयन गर्ने प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले बताए । हाल विद्यालयले प्रथम त्रैमासिक परीक्षा सम्पन्न गरी वर्षेबिदा दिएको र आगामी भदौ १ गतेदेखि विद्यालय खुल्ने छ । सबै विद्यालयमा यो कार्यविधि लागू गरिने श्रेष्ठको भनाई छ ।

# थाहानगरका एक युवकसहितको गिरोह पक्राउ

◆ विकास संवाददाता

काठमाडौंमा बहुमूल्य सामान चोरी गर्ने थाहा नगरपालिका घर भएका एक युवकसहितको एउटा गिरोहलाई प्रहरीले पक्राउ गरेको छ ।

रातिको समयमा बहुमूल्य वस्तु चोरी गर्ने सिन्धुपाल्चोकको तौथली गाउँपालिका वडा नम्बर ७ घर भई काठमाडौंको बुढानीलकण्ठ बस्ने सुमन भन्ने बिष्णु श्रेष्ठ र मकवानपुरको थाहा नगरपालिका-९ घर भई हाल काठमाडौंको ठमेलमा बस्ने विकास देउलालाई उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले पक्राउ गरेको हो । उनीहरूले रोलेक्स, ओमेगा, राडो ब्रान्डका घडी, सुन र हीरा ८५ लाख २६ हजार ९ सय रूपैयाँको सामान चोरी गरेको प्रहरीले जनाएको छ ।

यो प्रकरणमा पक्राउ परेका बिष्णु श्रेष्ठविरूद्ध यसअघि काठमाडौंका विभिन्न प्रहरी इकाइमा चोरी लगायतका ६ वटा मुद्दा चलेको समेत प्रहरीले जनाएको छ ।

# समेचत बनौं, आँखा पाक्ने रोगको प्रकोप फैलिदै

◆ विकास संवाददाता

बालबालिकामा आँखा पाक्ने रोगको प्रकोप फैलिदै गएको छ। करिब एक सातायता यसले मकवानपुर सदरमुकाम हेटौंडामा समेत प्रकोपको रूप लिएको हो । यो संक्रमण विशेष गरेर हेटौंडा र आसपासका क्षेत्रका बालबालिकामा तीव्र गतिमा फैलिइरहेको छ। विद्यालय, आँखा अस्पताल लगायत भीडभाड धेरै हुने सार्वजनिकस्थल यसको प्रमुख स्रोत बनेका छन् ।

पछिल्ला केही दिनयता आँखा पाक्ने रोग अर्थात् एक्युट कन्जन्टिभाइटिसबाट बालबालिका बढी प्रभावित भएका छन् । चिकित्सकका अनुसार सरूवा रोग भएकाले आँखाको संक्रमण एकबाट अर्कोमा चाँडो सर्छ । पढ्नलाई विद्यालय जाने बालबालिकादेखि उपचारका लागि अस्पताल पुग्नेहरूबाट समुदायस्तरमै संक्रमण फैलिइरहेको बताइएको छ । तर, यसको रोकथामका लागि कुनै उपाय अवलम्बन गरिएको छैन । विद्यालयदेखि सरकारसम्म मौन छन् । मानव शरीरको महत्वपूर्ण अंगमध्येको आँखा जोगाउन अपनाउनुपर्ने सावधानीलगायतका विषयमा जनचेतामूलक कार्यक्रम सञ्चालन गरिएको छैन । अनियन्त्रित बनेको संक्रमण समुदायमा थप फैलन नदिन सतर्कता अपनाइएको छैन । हेटौंडा समुदायिक आँखा अस्पतालमा आँखा पाक्ने रोगका बिरामीको संख्या निरन्तर बढ्दो क्रममा रहेको बताइएको छ ।

चिकित्सकका अनुसार एक्युट कन्जन्टिभाइटिस संक्रमण सामान्यतः ७ देखि १० दिनसम्म रहन्छ । तर, कसैकसैमा भने जटिल बनेर आँखाको कोर्नियामा समेत असर गर्न सक्छ । त्यसैले संक्रमण देखिनासाथ उपचार प्रक्रियामा जानुपर्ने चिकित्सकले बताएका छन् । यस्तो संक्रमण हुँदा आँखा गुलाफी वा रातो देखिने, चिलाउने, पोल्ने, पानी बग्ने, चिप्रा लाग्ने लगायतका लक्षण देखिन्छ । बिरामीको परेला सुन्निने, आखाँमा केही बिझे जस्तो महसुस हुने, उज्यालो हेर्न गाह्रो हुने, दृष्टि धमिलो हुने लगायतका समस्या पनि देखिन सक्छ ।

# भीमफेदीको ८ नम्बर वडाबाटै वृद्धाभत्ता वितरण शुरु



◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर ८ मा चालु आर्थिक वर्षदेखि सामाजिक सुरक्षाभत्ता वितरण गाउँमा पुगेर हस्तान्तरण सुरू गरिएको छ । भीमफेदीको महादेवटारबाट गाउँपालिकाको अध्यक्ष हिदम लामा, वडाअध्यक्ष बिस्णुबहादुर लामा, वडासचिव कृष्ण बस्नेत लगायत प्रभु बैंकको प्रतिनिधिहरू पुगेर सामाजिक सुरक्षाभत्ता वितरण गरिएको हो ।

अबदेखि गाउँको जेष्ठ नागरिक अपाङ्गलगायत सामाजिक सुरक्षाभत्ता पाउने लाभग्राहीलाई हेटौंडा, भीमफेदी, काठमाडौं जाने झन्झटको अन्त्य भएको छ । सामाजिक सुरक्षाभत्ता वितरण कार्यक्रममा गाउँपालिका अध्यक्ष लामाले ६८ बर्ष पूरा भएका बृद्ध, अपाङ्ग, एकल महिला र दलितको लागि अब सकिनसकी भत्ता लिन भनेर हेटौंडा, भीमफेदी, काठमाडौं जाने कामको अन्त्य गरिएको बताए । उनले आफू यसै ठाउँमा हुर्केको र यस ठाउँको भौगोलिक अवस्थाको बारेमा जानकार भएकोले भत्ता वितरण गाउँमै ल्याएको बताए । उनले गएको वर्षदेखि नै भत्ता वितरणको काम गाउँबाट गर्न खोजिएको तर, प्राविधिक समस्याले नसकेको बताउदै अब सबै कुरा पूरा गरेर गाउँमै आएको बताए । अध्यक्ष लामाले भत्ता लिन आउँदा चेकबुक र नगरिताको फोटोकपी अनिवार्य लिएर आउन पनि अनुरोध गरे ।

यस आर्थिक वर्षदेखि अब भीमफेदी गाउँपालिका वडा नम्बर ८ को लागि महादेवटारबाट र वडा कार्यालय ईपापन्चकन्याबाट वितरण गरिने गाउँपालिकाले जनाएको छ । यसैअनुरूप साउन १७ गते साविक ईपाको वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिने वडाअध्यक्ष लामाले जानकारी दिए ।

# थाहानगरमा घर नक्सामा कडाई

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकामा नक्सा पास गरेर मात्रै आवासीय घर तथा ब्यावसायिक भवन बनाउन पाइने भएको छ । नगरपालिकाले बिहिबार सूचना जारी गर्दै निजी, व्यापारिक तथा सार्वजनिक भवन निर्माण गर्दा अनिवार्य रूपमा नक्सा पास गर्नुपर्ने उल्लेख गरेको छ ।

प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीद्वारा जारी सूचनामा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ बमोजिम नगरक्षेत्रभित्र नक्सा पास गरेर मात्रै निजी तथा सार्वजनिक भवन बनाउन सम्बन्धित सबैलाई आग्रह गरिएको छ । यस थाहा नगर पालिकाभित्र कुनैपनि निजी, ब्यापारिक तथा सार्वजनिक भवनको निर्माण सुरु गर्दा अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गराएर मात्र निर्माण कार्य गर्नु गराउनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ, सूचनामा भनिएको छ यदि यो सूचना विपरित नक्सा पास नगरी निर्माण कार्य गरेको पाइएमा कानून बमोजिम कारबाही गरिने व्होराको चेतावनी पनि सूचनामा उल्लेख छ ।

नगर क्षेत्रको बसोबासलाई व्यवस्थित बनाउन अनिवार्य नक्सा पासको प्रावधान अगाडि सारिएको मेयर विष्णुबहादुर विष्टले बताए ।

# भीमफेदीको चिउरी बगैचामा चिउरीको विरूवा रोपियो

◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर ४ को चिउरी बैचामा चिउरीको व्रिवा रोपिएको छ । ४ नम्बर वडाध्यक्ष सागर पाण्डेको नेतृत्वमा १९ साउनमा वृक्षारोपण गरिएको हो ।

भीमफेदी गाउँपालिकामा निर्माण भैरहेको चिउरी बगैँचा रंगशालाको वरीपरी चिउरीको बिरूवा रोपिएको अध्यक्ष पाण्डेले जानकारी दिए । अध्यक्ष पाण्डेसहित वडाका पदाधिकारीहरू र अन्य स्थानीयहरूको उपस्थितिमा चिउरीको बिरूवा रोपिएको थियो । डिभिजन वन कार्यालय मकवानपुरले उक्त बिरूवा निशुल्क उपलब्ध गराएको थियो ।

उनले यस कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण युवा दाजुभाई, आमा बुवा, दिदी बहिनी, डिभिजन वन कार्यालय लगाएत सम्पुर्ण वडा नम्बर ४ बासिन्दामा हृदयदेखि नमन गर्दै आगामी दिनमा पनि यस्ता सामाजिक कार्यमा साथ र सहयोगको अपेक्षा रहेको बताए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# मातातिर्थ–मार्खु विद्युत प्रशारणलाईन विस्तार हुनेः मार्खु र फाँटबजारको सव–स्टेशन छिट्टै संचालन हुने

◆ विकास संवाददाता

मकवानपुरको थाहानगरसहितका आसपासका पालिका लक्षित मातातिर्थ मार्खु ३३ के.भी प्रशारण लाईन निर्माण अघि बढ्ने भएको छ । मन्त्रीपरिषद्को १६ साउनमा बसेको बैठकले नेपाल विद्युत प्राधिकरणलाई मातातीर्थ–मल्टा ३३ केभी प्रसारण लाइनका लागि ुटावरप्याडु र 'राइट अफ वे' को निर्माणका लागि काठमाडौं, ललितपुर मकवानपुरमा रहेको राष्ट्रिय वन र वन क्षेत्रको २४.६७ हेक्टर जग्गा २० वर्ष प्रयोग गर्न दिने निर्णय भएको हो । विद्युत लाईन निर्माणमा लामो समयदेखि भएको वनको अवरोध हटेको हो । मन्त्री परिषदको निर्णयसँगै विद्युत प्रसारण लाइनका लागि वन क्षेत्रमा पर्ने ४ हजार १ सय ७२ रूख कटान गर्न स्वीकृति दिने निर्णय गरेको हो । यससँगै मातातिर्थ मार्खु ३३ केभी प्रशारण लाईन निर्माणको बाटो खुलेको हो ।

एक दशक अघिबाट शुरू भएको परियोजना अन्तर्गत मार्खुमा ३३/११ को सब स्टेशन निर्माण भएपनि मातातिर्थ मार्खु खण्ड अन्तर्गत मातातिर्थ देखि मकैबारी हुदैं चखेलसम्म वन क्षेत्र भएका कारण लाईन निर्माण हुन सकेको थिएन । मातातिर्थबाट ललितपुरको



माल्टासम्म लाईन निर्माण हुन बाँकी भए पनि ईन्द्रसरोवरको चखेल देखि मार्खु सम्म भने ३३ केभी लाईन निर्माण भईसकेको छ । मातातिर्थ माल्टा खण्डको लाईन अन्तर्गत ईन्द्रसरोवरको चखेलबाट जोडिएर ३३ के.भि. लाईन मार्खु ल्याईने आयोजनाले जनाएको छ ।

मार्खुमा सब स्टेशन बनेको लामो समय हुँदा पनि वन क्षेत्रबाट लाईन निर्माण गर्ने बाटो नखुल्दा आयोजना अलपत्र परेको थियो । विद्युत प्राधिकरणले उत्तरी मकवानपुरमा सहज विद्युत वितरण गर्न मार्खुमा ३३/११ सब स्टेशन तयार भएसँगै थाहानगरको फाँटबजार मा बनाईरहेको ३३/११ को सब(स्टेशनको निर्माण कार्य पनि अन्तिम चरणमा पुगेको छ । सोही परियोजना अन्तर्गत मार्खु पालुङ ३३ के.भि लाईन निर्माण कार्य धमाधम भईरहेको पनि प्राधिकरणले जनाएको छ । ईन्द्रसरोवर र थाहाका केहि भुभागमा मार्खु सब स्टेशनबाट र थाहा नगर सहित कैलाशका केहि वडामा फाँटबजार सब स्टेशन बाट विद्युत प्रशारण गर्ने योजना रहेको पालुङ वितरण केन्द्रका प्रमुख विरमान रास्कोटीले बताए ।

विगतदेखि धोर्सिङ सब स्टेशनको एकमात्र स्रोतबाट करिब २ सय कि.मी. लामो ११ केभी लाईन मात्रको पहुँच हुँदा लाईन नियमित नहुने भोल्टेज कम हुने र लाईनमा समस्या आईरहने गुनासो सम्बोधन हुने पनि पालुङ वितरण केन्द्र प्रमुख रास्कोटीले बताए ।

# अमिरले सार्वजनिक गरे: 'भाग्यले नै दिएपछि थाप्नु पर्दो रैछ आमा'

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका १ नम्बर वडाका अमिरले आफ्नो जीवन सङगिनी पुष्पा मगरको जीवनमा आधारित गित सार्वजनिक गरेका छन् । आफ्नै शब्दमा रहेको उक्त गितामा एलिना चौहानले आवाज दिएकी छिन् ।ुभाग्यले नै दिएपछि थाप्नु पर्दो रैछ आमु शिर्षकमा रहेको गितको भिडियो आफ्नै अमिर बमजन च्यानलबाट सार्बाजानिक गरेका छन ।

समाजले हेर्ने दृष्ट्रिकोण र जीवन भोगाईको तिता मिठा कथा पुस्पा र अमिरले जीबनमा भोगेको पिडाहरूको संगालो समाज घातप्रतिघातको दस्तावेज 'भाग्यले नै दिएपछि' एक उदाहरणीय यथार्थ कथा गितमा प्रस्तुत गरिएको छ ।

जन्म जात अशक्त घाँटीदेखि तल्लो शरिरको भाग नचलेता पनि आफुमा कला प्रतिभाको खानि बोकेका एक प्रतिभासालि हुन मकवानपुर थाहा नगरपालिका




खानीगाउँका अमिर बमजन । आधा दर्जन गित लेखन गायन संगै उनी राम्रा चित्रकार पनि हुन । मुखैले चित्र कोर्ने, मोबाइल चलाउने यस्तै हिम्मत र कलाले गर्दा अमिर ताइवानसम्म पुगेका छन् । उनीय यसअघि राष्ट्रिपतिबाट समेत सम्मानित भैसकेका छन् ।

करूणा फाउन्डेसन नेपालको सहयोगबाट आफ्नो जिन्दगी भोग्ने घुम्तिनै मोडिएको बताउने अमिर करूणा फाउन्डेसन नेपालबाट अमिरको तीन पटक पेन्टिङ प्रदर्शन भैसकेको छ ।

# जुम्रा, उपियाँको औषधि निःशुल्क बाँड्दै इन्द्रसरोवर

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले पालिकाबासीले पालेको पशुपंक्षीका लागि निःशुल्क औषधि वितरण गर्ने भएको छ । पालिकाले १७ साउनमा सूचना प्रकाशन गरी पालिकाको पशु शाखाबाट पाँचवटै वडा कार्यालय मार्फत निःशुल्क औषधि वितरण गर्न लागेको जनाएको छ ।

वडा कार्यालय मार्फत गाई, गोरू, भैसी, बाख्राका लागि नाम्ले फित्ते जुका विरूद्धको औषधि, ज्वरो, रूघाखोकी, सिगान बगेको, किर्ना जुम्रा उपियाँ, झोक्राएको र पखला लागेको निको हुने औषधि निःशुल्क वितरण गरिने प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्कीले जानकारी दिए । पालिकाले सूचनामा उल्लेख गरेको औषधि आफ्नो वडा कार्यालयबाटै लिन सकिने प्रमुख प्रशासकीय अधिकृत कार्कीले जानकारी दिए । निःशुल्क औषधिको विषयमा कुनै गुनासो भएमा वडा कार्यालय वा गाउँपालिकामा सम्पर्क गर्नका लागि मोबाइल नम्बर समेत सूचनामै सार्वजनिक गरिएको छ ।

पालिकाले वडा मार्फत औषधि निःशुल्क औषधि लिनका लागि वडा नम्बर १ मा सनित्र सिं मोक्तान, वडा नम्बर २ मा नविन कुमार अधिकारी, वडा नम्बर ३ मा विश्वास रेग्मी, वडा नम्बर ४ मा अमृत गोपाली र वडा नम्बर ५ मा नरेन्द्र कार्कीलाई सम्पर्क गर्न सकिने सूचनामा उल्लेख छ ।

# पालुङ–आग्रा पैदलमार्गमा पर्यटकको आकर्षण बढ्यो

◆ विकास संवाददाता

थाहानगरमा पैदलयात्री पर्यटकहरू भित्रने क्रममा वृद्धि भएको छ । नगरको वडा नम्बर २, ३ र ७ नम्बर वडा क्षेत्रमा पर्ने 'पालुङ–आग्रा पैदलमार्ग'मा केही समयदेखि पर्यटकहरूको आकर्षण बढ्दै गएको छ । प्रायः विदाका दिन शनिबार यस पैदलमार्गमा पर्यटकहरूको आवागमन हुने गरेको डाँडाघरे बा को होमस्टे संचालक माधव कार्कीले जानकारी दिए ।

'पालुङ–आग्रा पैदलमार्ग'को वेशक्याम्पकै रूपमा रहेको यस होमस्टेले पनि पैदलमार्गीहरूलाई थप उत्साहित बनाउँदै आएको सहभागीहरूको प्रतिक्रिया छ । थाहा नगरपालिका वडा नम्बर ७ स्थित उनीउ चौरको प्राकृतिक मनोर मतालाई जोडेर यस मार्गमा पर्यटकहरूको आकर्षण बढ्न थालेको हो । केही सातादेखि हप्तैपिच्छे यस रूटमा पर्यटकहरू घुम्न आउने गरेका छन् २० साउनमा पनि द वाकर्स टिम काठमाण्डौंबाट एक टोली घुम्न आएको



स्थानीय गणेश विष्टले जानकारी दिए । काठमाण्डौंका २४ र स्थानीयसहित ३२ जना उक्त 'पालुङ–आग्रा पैदलमार्ग'मा २० साउनमा यात्रा गरेको विष्टको भनाइ छ ।

पैदलमार्ग रूटमा थाहा नगरपालिकाको शिखरकोट स्थित रूपचन्द्र विष्टको पूर्णकदको शालिक, विकास घर, गोपाली गाउँ, गोरखनाथ मन्दिर, शंखमूल त्रिवेणी, पालुङ शहर, पाण्डुकेश्वर मिन्दर हुँदै रूटको वेश क्याम्प डाँडाघरे बा को होमस्टे पुगिन्छ । होमस्टेबाट नजिकैको पाथीभरा मन्दिर, पालुङगढी, हुँदै उनीउचौर तथा डाँडाबास पार्क पुग्ने प्राकृतिक मनोरमता सहितको रूट रहेको छ । डाँडाबासमा स्थानीय रोजाइ होमस्टे सहित अन्य थुप्रै होटल तथा पसलहरू रहेका छन् । यस पैदलमार्ग अन्तर्गत शिखरकोटबाट पैदलयात्रा गरी उनीउचौर पुग्न सकिन्छ भने डाँडाबासको आग्राबाट उनीचौर हुँदै पालुङसम्म पनि आउन सकिन्छ । २० साउनमा भने पैदलमार्गमा आएका पर्यटकहरू डाँडाबासबाट पालुङतर्फ आएका थिए ।

# थाहामा प्राकृतिक स्रोत संकलन तथा निकासी टेण्डर खुल्यो

◆ विकास संवाददाता

थाहा नगरपालिकाले आ.व. २०८०/०८१ का लागि ढुंगा, गिट्टी, ग्रावेल, बालुवा उत्खनन्, संकलन तथा निकासी कर उठाउने सम्बन्धी टेन्डर आव्हान गरेको छ ।

साउन १९ गते सूचना जारी गर्दै टेन्डर आव्हान गरेको हो । सूचना अनुसार ३० लाख १९ हजार ५४४ क्युफिट परिमाणमा उत्खनन गर्न पाउने छ ।

सोका लागि न्यूनतम भ्याट बाहेक २ करोड ७१ लाख ७५ हजार ९८६ रूपियाँ अंक तोकेको छ ।


समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# थाहाका खानेपानी उपभोक्ता समितिलाई बोर्डमा आवद्ध हुन आग्रह

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा संचालित खानेपानी उपभोक्ता समितिहरूलाई थाहानगर खानेपानी व्यवस्थापन बोर्डमा आवद्ध हुनका लागि सूचना आव्हान भएको छ । खानेपानी बोर्डको कार्यकारी समितिबाट भएको निर्णयका आधारमा नगरपालिकाले बोर्डमा आवद्ध हुनका लागि १५ साउनमा सूचना आव्हान गरेको हो ।

थाहा नगर खानेपानी व्यवस्थापन बोर्ड २०७६

सूचना अनुसार थाहा नगरपालिकाको १ देखि १२ नम्बर वडासम्मका खानेपानी उपभोक्ताहरूले बोर्डमा आवद्ध हुनका लागि निवेदन पेश गर्न सक्नेछन् । आवद्धताको लागि "खानेपानी आयोजनाहरूको प्रारम्भिक मूल्याङ्कन तथा बोर्डमा आवद्धता सम्बन्धी निर्देशिका २०८०" बमोजिम उपभोक्ता समितिहरूले आवश्यक कागजातसहित आवद्धता हुनका लागि निवेदन दिनूपर्ने हुन्छ ।

निर्देशिका अनुसार बोर्डमा आवद्धताको लागि उपभोक्ता समितिहरूले वार्षिक साधारण सभा वा विशेष सभाले बोर्डमा आवद्ध हुने भनी गरेको सर्वसम्मत वा बहुमतको निर्णय, उपभोक्ता समितिको लेखापरीक्षण प्रतिवेदन, सम्बन्धित खानेपानी आयोजनालाई बोर्डमा आवद्ध हुन वा गराउन आयोजना रहेको वडा कार्यालयले बोर्डका नाममा लेखी पठाएको सिफारिस पत्र र उपभोक्ता समितिको निवेदन संलग्न गरी आवद्धताको लागि पेश गर्नुपर्नेछ ।

थाहानगरको खानेपानी सेवालाई एकीकृत रूपमा संचालनको लागि उपभोक्ता समितिहरूलाई बोर्डमा आवद्धता गराउन लागिएको थाहानगर प्रमुख तथा बोर्डका अध्यक्ष विष्णु बहादुर विष्टले जानकारी दिए । विष्टले नगर क्षेत्रका उपभोक्ता समितिहरूलाई निर्देशिका बमोजिमको प्रक्रिया पूरा गरी बोर्डमा आवद्ध हुन आग्रह गरेका छन् ।

# मनहरीले नगर प्रहरी राख्ने

◆ विकास संवाददाता

मनहरी गाउँपालिकाको कार्यपालिका बैठकले नगर प्रहरी व्यवस्थापन सम्बन्धी कार्यविधि पारीत गरेको छ । १६ साउनमा बसेको कार्यपालिका बैठकले उक्त कार्यविधि पारीत गरेको प्रमुख प्रशासकीय अधिकृत मोहन कुमार श्रेष्ठले बताए । ो संगै गाउँकार्यपालिकाको बैठकले अन्य २ वटा कार्यविधि पनि पारित गरेको छ ।

कार्यपालिकाको दोस्रो निर्णय अनुसार गुट्खाजन्य पदार्थ नियमन र नियन्त्रण गर्ने कार्यविधि र शिक्षक सरूवा तथा प्रधानाध्यापक नियुक्ती सम्बन्धी कार्यविधि २०८० पारीत गरिएको श्रेष्ठले बताए । गाउँसभाको १३ औं अधिवेशनबाट नीति तथा कार्यक्रममा समेटिएका यी तिनैवटा विषयमा कार्यविधि नै तयार पारी आवश्यक कार्यन्वयनको प्रकृयामा रहेको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले जानकारी दिए ।

गाउँपालिकाको नीति नियमलाई निशर्त पालना गराउन नगर प्रहरीको आवश्यकता रहेकोले नगर प्रहरी व्यवस्थापन सम्बन्धी कार्यविधि पारित गरिएको बताए । गाउँपालिकाले गुट्खाजन्य पदार्थ बिक्री वितरणमा गत श्रावण १५ गतेदेखि नै रोक लगाइएको र त्यसो गरीएमा सामाग्री जफत गरिने तयारी भएको तर उक्त कार्य अन्य कर्मचारीले गर्न नसक्ने तर नगर प्रहरीले गर्न सक्ने भन्दै नगरी प्रहरीको आवश्यकता महसुस भएको उनले बताए ।


## पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं !

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने वित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी